STUDY in JAPAN

नेपाली संस्करण
ネパール版



# PROFESSIONAL TRAINING COLLEGE in JAPAN

## GUIDE BOOK

平成29年度 文部科学省委託事業 専修学校グローバル化対応推進支援事業

विश्वमा सबभन्दासजिलोसंग रोजगार पाइने राष्ट्र 'जापान'

## पेशागत सिप + आतिथ्य प्रति एशियाको ध्यान केन्द्रित!

# जापानको Professional Training Collegeमा स्वागत छ!




~Ministry of Education,Culture,Sports,Science and Technology, Lifelong Learning Policy Bureau, Lifelong Learning Promotion Division, Office for the Promotion of Specialized Training College Educationबाटको सन्देश~

## जापानमा पेशागत योग्यता हासिल गर्न चाहानेहरुका लागि

जापानको Professional Training College सन् १९७६मा यस व्यवस्थाको सुरुवात भए लगत्तै यसको सजिलो तथा सहजपनाको विशेषताको उपयोग गर्दै सामाजिक परिवर्तनसंग सिघ्र समायोजन हुने व्यवहारिक पेशागत शिक्षा उपलब्ध गराउने केन्द्रिय संस्थाको रुपमा विकसित हुदै आएको हो । हाल सम्ममा लगभग ५ लाख नब्बे हजार विद्यार्थीहरु अध्ययनरत रहेको र जापान राष्ट्रको उच्च शैक्षिक शिक्षा संस्थाको एउटा महत्वपूर्ण भूमिका निभाइरहेको छ।

Professional Training Collegeले पेशागत शिक्षा उपलब्ध गराउने सिलसिलामा Technology, Agriculture, Medical care, Personal Care and Nutrition, Education and Welfare, Business, Fashion and Home Economics, Culture and General Education भन्ने उद्देश्यको हरेक ८ क्षत्रहरु प्रत्येकमा व्यवहारिक पेशागत सिप तथा ज्ञान उपलब्ध गराउदै आइरहेको छ। यस भित्र हाल विश्व भरमै लोकप्रिय हुदै आइरहेको कमिक,एनिमेशन,भिडियो गेम वा फेसन जस्ता कुल जापान भनिने पप कल्चर देखि वातावरणीय इनर्जी तथा IT वा सामाजको आर्थिक उन्नती आदि भविष्यका दिनहरुमा विश्वबजारमा समुन्नतीको संभावना बोकेको उद्योगलाई सघाउन सक्ने पेसेवर जनशक्तिको प्रशिक्षण गरिदै आइरहेको छ।

जापानमा Professional Training College समाजको लागि अति महत्वपूर्ण जनशक्तिको श्रृजना गर्ने विद्यालयको रुपमा मानिएको र Professional Training Collegeको पढाइ समापन भएकाहरु प्रति तिनका कार्यालयमा पेशागत कौशलता हासिल गरेको जनशक्तिको रुपमा आशा राखिदै आइरहेको छ।

यसका साथै अर्थ व्यवस्थाको उथलपुथलको अवस्थामा पनि रोगगार प्राप्तिको औसत दरमा उच्चता कायम गर्दै आइरहेको छ। विशेष गरि विश्व्यापी रुपमा समुन्द्रापारी अग्रगामी भइरहेका धेरैजसो जापानी उद्योगहरुद्वारा माग हुदै आइरहेको जापान तथा अन्य राष्ट्र बिचको संयोजकको भूमिकामा पेशागत कौशलता र जापानी संस्कृतिको ज्ञान हासिल गरिरहेका Professional Training Collegeका बिदेशी विद्यार्थीहरु प्रति अत्यन्तै आशा राखिएको छ।

जापानको Professional Training Collegeमा अध्ययन गरेर व्यवहारिक पेशागत कौशलता हासिल गरि प्रोफेशनल रुपमा विश्व स्तरमा सक्रिय हुने उद्देश्य लिइ अगाडी बढ्नुहोस् भन्ने चाहान्छौं ।




हालका बर्षहरुमा दक्षिण–पूर्व एशिया लगायतका एशिया क्षत्रको अर्थ तथा उद्योगमा उल्लेखनिय विकास भइरहेको र त्यस मध्यबाट विश्व अर्थतन्त्रको अगुवा गर्ने उद्योगहरुको पनि जन्म हुदै छ। यो अवस्था विकासोन्मुख राष्ट्रहरुमा पनि अपवाद नभै Technology तथा इन्फ्रास्ट्रक्चरदेखि अन्य राष्ट्रहरुको निर्माण उत्पादन तथा खाद्य पदार्थको उत्पादन,फेसन वा ब्युटि व्यवसाय वा संचार सम्बन्धित संस्था आदि विभिन्न थरिका पेशाको आउट सोर्सको भुमिका निभाउने केन्द्रको रुपमा विश्वबाट ध्यान केन्द्रित हुदै आइरहेको छ।

जापानले हालसम्ममा धेरैजसोका औद्योगिक क्षत्रहरुमा जापानी प्रविधिको बलियोपना र शिष्टता तथा आतिथ्य मानसिकताको अश्रद्वारा अन्य राष्ट्रहरुको वृद्धिविकासमा योगदान दिदै आइरहेको छ यसको मेरुदन्डको भुमिका निभाउने प्राविधिक शैक्षिक संस्था नै Professional Training Collegeहो।

देशद्वारा स्थापित् नियमित शैक्षिक संस्था हुँदा, व्यवसायसँग प्रत्यक्ष रूपमा जोडिएको विभिन्न किसिमका दक्षता हासिल गर्न सकिने व्यावसायिक प्रशिक्षण विद्यालयमा, प्रत्येक वर्ष धेरै भन्दा धेरै विदेशी विद्यार्थीहरु समुन्द्रपार गरी आएर, यसको संख्या लगभग ५६ हजार जना सम्म पुगेको छद्य Professional Technology तथा योग्यता त हात लाग्छ नै, त्यसबाहेक सुरक्षित रहन सहन वा रोजगारको सुलभ प्राप्ति,एनिमेसन,जापानी खाना,प्राकृतिक सुन्दरता आदि सास्कृतिक रुपमा पनि विश्वको ध्यान केन्द्रित भैरहेको यो देश। जापानको Professional Training Collegeमा विभिन्न किसिमका कौशल वा संस्कृतिको अनुभव बटुलि जापानी कम्पनिमा रोजगार हुने र आफ्नो देशको ठुलो उद्योगमा सक्रिय हुने तर्फ पाइला अगाडि बढाऔं।

उच्च गुणस्तरको विशेषज्ञता,योग्यता तथा प्रविधिको ज्ञान हासिल हुने

# जापानको Professional Training College


पेशासंग प्रतक्ष्य जोडिएको
Professional Training College को शिक्षा

Professional Training College भन्नाले व्यवहारिक काम व्यवसायको शिक्षा दिने जापानको उच्च शैक्षिक संस्था हो।
काम व्यवसाय वा वास्तविक जीवनमा आवश्यक ज्ञान,प्रविधी,सीप प्राप्त गरि आफ्नो संस्कारको उन्नति तर्फ अघि बढ्ने लक्ष बोकेको शैक्षिक संस्था हो
Medical Care, Technology, Culture and General Education, Business, Personal Care and Nutrition,
Education and Welfare, Fashion and Home Economics, Agriculture आदि विभिन्न क्षत्रका कलेजहरु छन्।

जापानका Professional Training College | **विद्यालय संख्या: २,८२२** | नयाँ विद्यार्थी भर्ना: २६८,६५४ जना | विद्यार्थी संख्या: ५८८,२२३ जना (सन् २०१७ मे महिना सम्ममा)

## जापानका Professional Training Collegeको स्थान

जापानी विद्यालय शैक्षिक सिस्टमको बारेमा भन्नु पर्दा Professional Training College स्थिती विश्व विद्यालय सरहको उच्च शैक्षिक संस्थाको रुपमा रहेको र जापानको उच्च शिक्षाको क्रममा प्राविधिक शिक्षाको भुमिका निभाउने संस्था हो। हाल सम्ममा अध्ययनरत साल सङ्ख्या २ बर्ष भन्दा बढि आदि(कुल अध्ययन समय सङ्ख्या १७००घण्टा भन्दा बढि)को कोर्ष पुरा गरेकाहरुलाई Diploma प्रदान गरिने र ४बर्ष भन्दा बढि आदिको अध्ययन गरि (कुल अध्ययन समय सङ्ख्या३,४००घण्टा भन्दा बढि) आदि कोर्ष पुरा गरका लाई Advanced Diplomaको पदवी प्रदान गरिन्छ। Diploma का विद्यार्थी विश्वविद्यालयमा ट्रान्सफर हुन र Advanced Diplomaका विद्यार्थीहरु स्नातकोत्तर तर्फ अगाडि बढ्न सम्भव भएको छ।




जापानको डिग्री तथा पदवी

| शैक्षिक संस्थाको विभाजन | जापान राष्ट्र भित्र दिइने डिग्री | शैक्षिक संस्थाको विभाजन | जापान राष्ट्र भित्र दिइने पदवी |
|---|---|---|---|
| Graduate School | Doctorate degree<br>Master's degree | | |
| University/College | Bachelor's degree | Professional Training College | Advanced Diploma |
| Junior College | Associate degree | | Diploma |

*द्रष्टव्यरू२ बर्षे कोर्ष भन्दा माथिको Postsecondary Course कोर्षको पढाई पुरा गरेमा प्रदान गरिने Diploma को पदवी जुन छ,४ बर्षे सिस्टमको Postsecondary Course कोर्षको पढाइ पुरा गरेमा त्यो` Advanced Diploma को पदवीमा बदलिन्छ।

# Professional Training Collegeका विशेषताहरु

National Qualificationप्राप्तिका साथै थुप्रै फाइदा रहेको Professional Training College


जापानको Professional Training Collegeको सबभन्दा ठूलो विशेषता भन्नाले रोजगार संग प्रतक्ष्य रुपमा जोडिनु हो।

सम्पुर्ण रोजगारका क्षत्रहरु मध्य उच्च गुणस्तरीय पेशागत प्रविधिको ज्ञान हासिल गराउने लक्ष बोकेको शैक्षिक संस्था भएको र अहिले आएर विश्व विद्यालय पछिको उच्च शैक्षिक संस्थाको रुपमा महत्वपुर्ण भुमिका निभाउदै आइरहेको छ।

## रोजगार प्राप्तिको सुलभता र विश्व विद्यालय तर्फ ट्रान्फर हुन सम्भव



Professional Training Collegeले हरबखत समाजको आवश्यकतालाई ध्यानमा राखि औधोगिक समाज संगको समन्वय राख्दै आएको छ।प्राविधिक शैक्षिक संस्थाको रुपमा तुरुन्त काम लाग्ने जनशक्तिको श्रृजना गरि आएको फल पढाइ समापन गरि जाने विद्यार्थीहरुको उच्च रोजगार दर संग जोडिएको छ। साथै यसको उच्च गुणस्तरको अध्यापनलाई विश्व विद्यालयबाट पनि राम्रो मुल्यांकन भइरहेको र २ बर्षे अनिवार्य कोर्ष पुरा गरेका विद्यार्थीलाई विश्व विद्यालय तर्फको ट्रान्फरको मान्यता पनि दिइएको छ।
गरेका विद्यार्थीलाई विश्व विद्यालय तर्फको ट्रान्फरको मान्यता पनि दिइएको छ।




## विश्व भरि उपयोग हुने पेशागत प्रविधि तथा सिपको ज्ञान हासिल हुने

हाल Technology, Infrastructure, खाद्य क्षत्र,पर्यटनका साथै फेसन तथा सन्चार सम्बन्धिका क्षत्रसम्म जापानको उच्च गुणस्तरका प्रविधिहरुप्रति विश्वको ध्यानाकर्षण हुदै आएको छ। यसरी अनेक क्षत्रमा फैलिएको पेशागत ज्ञानको उच्च गुणस्तरमा प्राप्त सम्भव रहेको शैक्षिक संस्था जापानमा यही Professional Training College नै हो।



## शैक्षिक वातावरण तथा साधन सुबिधाको सम्पन्नता

उदाहरणको लागि, एनिमेसन या डिजाइन आदि सन्चार सम्बन्धिकाCollege हो भने प्रत्येक विद्यार्थीलाई १,१ वटा कम्प्युटर दिलाइने,कुकिङ सम्बन्धिको Professional Training Collegeहो भने अत्याधुनिक कुकिङका सामानहरुको प्रयोग गर्ने हुनाले नया जमानाको चलनलाई जान्न सकिने आदि उच्च शिक्षाको गुणस्तर कायम गर्नको लागि आवश्यक साधन सुविधाको सुसम्पन्नता भित्र अध्ययन गर्न सकिन्छ।



## Technical Skill उच्च स्तरको पेशागत ज्ञान हासिल हुने

Professional Training Collegeका शिक्षकहरु सबै त्यस क्षत्रका विशेषज्ञ हुन्। त्यसकारण हासिल हुने ज्ञान सबै तुरुन्त काम लाग्ने सर्बोत्कृष्ट ज्ञान भनि ठोकुवा गर्न सकिन्छ। साथै, इन्टर्नसिप पनि सक्रिय रुपमा अपनाउने कलेज थुप्रै रहेकोले कलेजमा पढ्दा पढ्दै जापानी कम्पनिको कार्य दक्षताको बारेमा थाहा पाइने छ। टेक्नोलोजि, मोटरिङ,होमे इलेक्ट्रिसिटि, फेसन आदिका क्षत्रमा संसारको ध्यान तानिरहेको जापनी कम्पनिहरुको कार्य दक्षताको अनुभव गर्न सकिन्छ जुन तपाईको लागि ठुलो प्रोत्साहनको मौका बन्न सक्ने छ।





## Hospitality जापानमा मात्र पाइने आतिथ्यको मानसिकता

हालका दिनहरुमा टोक्यो ओलम्पिक निमन्त्रणा सभाको प्रिजेन्टेसन हुदा पनि सबैको चासोको कुरा बनेको थियो कि जापान राष्ट्र उच्च स्तरको सभ्यता तथा आदरभावनालाई विशेष महत्व दिने ओमोतेनासि नो कुनि(अतिथी स्वागतको देश)हो। पर्यटन वा कुकिङ व्यवसाय,चिकित्सक तथा शिक्षाका क्षत्र आदि सम्पुर्ण क्षत्रमा उच्च गुणस्तरको आतिथ्य कौशलताको माग भइ रहेको हुनाले जापानको बसाइबाट मात्र पनि त्यस किसिमका कलामा घुलमिल हुन सकिने ठुलो फाइदा हुनेछ भनि ठोकुवा गर्न सकिन्छ।

# थुप्रै पेशागत विषयहरु संग मेल खाने Professional Education र असिमित रोजगार स्थान

Professional Training College मा किन रोजगारको अवसर असिमित रहेको भन्दा,त्यसको कारणमा प्रत्येक क्षत्रको पेशागत दक्षतामा विशेष शिक्षा प्रदान गर्दै आएको हुनाले हो।

त्यस क्षत्रमा अनुकूलित विषयको चौडाइ एकदम फराकिलो भएको र चिकित्सा,समाज कल्याण,शिशु स्याहार,शिक्षक,सौन्दर्य–श्रृंगार,कुकिङ,मिठाइ बनाउने,पोषण,होटल तथा पर्यटन,यातायात,खेलकुद,समाज कल्याण,जनावर पालन,सिलाइ तथा फेसन,सङ्गीत तथा बाज्यबादन,मास कम्युनिकेसन,कला जगत तथा सम्पादन,प्रोग्रामर तथा कम्प्युटर गेमिङ,भ्वाइस एक्टर,कमिक तथा एनिमेसन,डिजाइनर वा ललितकला,कलियोग्राफ,भवन निर्माण,सिभिल इन्जिनियरिङ,इन्टेरियर,सरकारी कर्मचारी,बिजनेस,अटो मेकानिक्स,मोटर स्पोर्टस,इलेक्ट्रिसिटि,पर्यावरण,वायो,कृषी तथा रसायन,एयर क्राफ्ट मेकानिक्स,पाइलट आदि,तपाईको स्वइच्छाका विषय अनुसार विद्यालय छनौट गर्नुपर्ने कुरा महत्वपुर्ण हुन आउछ।

| | आफ्नो प्रतिभाको उपयोग गर्न चाहने। (Culture and General Education, Personal Care and Nutrition, Fashion and Home Economics) | सामान निर्माणको कार्यमा लाग्न चाहने (Technology, Agriculture) | बिजिनेसमा पोख्त हुन चाहने (Business) | मानिसहरुको मद्दत गर्न सकिने काम गर्न चाहने। (Medical Care, Education and Welfare) |
|---|---|---|---|---|
| | फेसन तथा सौन्दर्य वा कुकिङ सम्बन्धि काम गर्न चाहने। सङ्गीत वा डिजाइन अनि भाषा दक्षताको उपयोग हुने काम गर्न चाहने।आफ्नो सोचाइ तथा प्रतिभाको विस्तार गरि बढि भन्दा बढि सिप तथा ज्ञान हासिल गरिन्छ। | मोटर गाडि प्रति रुचि रहेको र रोबोटको निर्माण गर्न चाहने। इलेक्ट्रिसिटि तथा टेक्नोलोजि अनि कृषीमा चाख भएकाहरुका लागि। अत्याधुनिक प्रविधिको ज्ञान हासिल गरि सामान निर्माण गर्ने फिल्डमा सक्रिय हुन सकिने खालको आधुनिक शिक्षा दिइन्छ। | अत्याधुनिक सुचना प्रविधि तथा लेखा सम्बन्धि ज्ञान हासिल गरि आधुनिक जमानाको आर्थिक समाजलाई सुहाउने अनेक किसिमका जन शक्तिलाई हुर्काइन्छ।बिजिनेस प्रोफेसनलहरुको तालिम दिइरहेको र जुनसुकै कम्पनिमा पनि कार्यसिल रहन सकिन्छ। | मानिसहरुको मद्दत गर्न चाहने। चिकित्सा वा सेवाको आवश्यक स्थानहरुमा काम गर्न चाहने। यस्तो सपना साकार पार्नलाइ कामका लागि आवश्यक पेशागत ज्ञान सिप तथा प्रविधिको अध्ययन गरि योग्यता प्राप्त गर्नुका साथै जिम्मेवारपुर्ण तथा समृद्ध हृदयलाई हुर्काउने लक्ष राखिएको छ। |
| प्रमुख विषयहरु | ●सौन्दर्य<br>●डिजाइन<br>●कुकिङ तथा मिठाइ वा पाउरोटि बनाउने<br>●सङ्गीत<br>●भाषा<br>●जनावर<br>●फेसन बिजिनेस<br>●चलचित्र,ब्रोडकास्टिङ आदि। | ●सुचना सम्भार<br>●मोटर गाडीको मर्मत<br>●घरभवन निर्माण<br>●इलेक्ट्रिसिटि<br>●मेशिनरि<br>●बायोटेक्नोलोजी | ●बिजिनेस<br>●यात्रा•पर्यटन<br>●एकाउन्टिङ तथा बुक किपिङ<br>●सुचना<br>●कमर्स<br>●म्यानेजमेन्ट<br>●सेक्रेट्रि आदि | ●नर्सिङ<br>●विज्ञान तथा अकुपेसनल थेरापिस्ट<br>●डेन्टल हाइजिन<br>●जुडो थेरापि<br>●केअर वर्क |
| अध्ययन समापन भएपछि प्राप्त हुने लाइसेन्स तथा परिक्षा दिन सकिने योग्यता आदि | ●व्युटिसियन<br>●कुक<br>●कन्फेक्सनरि हाइजिन मास्टर<br>●फेसन बिजिनेस योग्यता परिक्षा<br>●TOEIC® आदि<br> | ●सुचना सम्भार प्राविधिज्ञ<br>●अटो मेकानिक्स<br>●आर्किटेक्ट<br>●इलेक्ट्रिसियन<br>●एयरक्राफ्ट मेकानिक्स<br>●सर्भेयर<br> | ●ट्याक्स एकान्टेन्ट<br>●यात्रा व्यवसाय कामकार्यको सुपरभाइजर<br>●बुक किपिङ परिक्षा<br>●सेक्रेट्रि परिक्षा<br>●बिजिनेस योग्यता परिक्षा आदि<br> | ●नर्स<br>●डेन्टल हाइजिनिस्ट<br>●फजियोथेरापिस्ट<br>●अकुपेसनल थेरापिस्ट<br>●केअर वर्कर<br>●क्लिनिकल ल्याबोरेटेरियन<br> |
| लक्षित पेशाहरु | ●ग्राफिक डिजाइनर<br>●फेसन डिजाइनर<br>●इलुस्ट्रेटर<br>●दोभाषे वा पथ प्रदर्शक<br>●व्युटिसियन<br>●कुक<br>●प्याट्रिसि आदि | ●सिस्टम इन्जिनियर<br>●ITप्राविधिज्ञ<br>●भिडियो गेम डेभलपर<br>●अटो मेकानिक्स<br>●आर्किटेक्ट<br>●ब्रोडकास्ट इन्जिनियर | ●यात्रा व्यवसाय सम्बन्धि कर्मचारी<br>●होटल स्टाफ<br>●एकाउन्टेन्ट<br>●चिकित्सकिय प्रशासनिक कर्मचारी<br>●सेक्रेट्रि<br>●फ्लाइट एटेन्डेन्ट | ●नर्स<br>●डेन्टल हाइजिनिस्ट<br>●फिजियोथेरापिस्ट<br>●अकुपेसनल थेरापिस्ट<br>●रेडियोलजिकल टेक्नोलोजिस्ट<br>●अर्थोमेट्रिस्ट<br>●हेरचाह कर्मचारी (केयर वर्कर) |

*द्रष्टव्य: Professional Training Collegeउतिर्ण भए पछि लाइसेन्स प्राप्त भए पनि विदेशी विद्यार्थीको हकमा जापानमा काम पाइने निश्चित नहुने हुनाले विस्तृत कुरा आ–आफ्नो विद्यालयमा सोध्नुहोला।

*हेइ सेइ ३० साल फेब्रुअरी महिना सम्ममाद्य माथि उल्लेखित बुँदाहरु भन्दा अरु पनि विभिन्न प्रकारका दक्षताका आवश्यकताहरु तय गरिएको स्थिति हुन्छद्य

# हरेक बर्ष थुप्रै विदेशी विद्यार्थीहरुले जापानमा अध्ययन गरिरहेका छन्।



## Professional Training Collegeको भर्ना सम्बन्धिका विषय र Diploma तथा Advanced Diploma

### भर्ना हुनको लागि

तलका विषयहरु मध्य कुनै एक सर्त पुरा भएको हुनुपर्छ।

१) विदेशको हकमा विद्यालयको पढाइ १२ कक्षा सम्म पुरा गरेको हुनुपर्ने।

२) विदेशको हकमा, पुरा गरेको १२कक्षाको पढाई बराबरको शैक्षिक योग्यता परिक्षामा उतिर्ण भइ १८ बर्ष लागेको व्यक्ति।

३) जापानको हकमा विदेशको उच्च माध्यामिक शिक्षा बराबर भनि तोकिएको विदेशी विद्यालको पढाइ समाप्त भइ १८ बर्ष लागेको व्यक्ति।

४) अन्तराष्ट्रिय बाकालोरेट, अबिटुर,बाकालोरेट योग्यता प्राप्त भइ १८ बर्ष लागेको हुनु पर्ने।

५) जापानको हकमा स्थापना गरिएको अन्तरराष्ट्रिय मुल्यांकन संस्था (WASC, CIS, ACSI) को मान्यता प्राप्त विदेशी विद्यालयको १२कक्षाको करिकुलम पुरा गरि १८ बर्ष लागेको व्यक्ति।

६) Professional Training Collegeको हकमा व्यक्ति अनुसारको भर्ना योग्यताको परिक्षणद्वारा उच्च माध्यामिक विद्यालय उतिर्ण भएको व्यक्ति सरहको शैक्षिक योग्यता भएको भनि मान्यता प्राप्त भइ १८ बर्ष लागेको व्यक्ति

> १ देखि ३ सम्मको बारेमा भन्नु पर्दा १२ बर्ष पढाइ पुरा नभएको भए तल लेखिएको उपाय अनुसार भर्ना हुने योग्यता प्राप्त गर्न आवश्यक छ।
>
> भारत, इन्डोनेशिया र मलेसिया आदि मुलुकका १० कक्षा वा ११ कक्षाको पढाइ पुरा गरेका व्यक्ति भर्ना हुने भएमा
> १) स्वदेशको विश्व विद्यालय आदि उच्च शैक्षिक संस्थामा १ बर्ष अथवा २ बर्ष पढाइ गरि १२ कक्षाको शिक्षा पुरा गर्ने।
> २) विश्वविद्यालयमा भर्ना हुनको लागि तयार गरिएको प्रि एजुकेसनको रुपमा तोकिएको कोर्षमा १ बर्ष वा २ बर्ष अध्ययन गर्ने।
>
> माथिका मध्य कुनै एक उपाएद्वारा भर्ना हुने योग्यता प्राप्त गर्न सकिन्छ।

### जापानी भाषा योग्यता

तलका मध्य कुनै एक सर्त पुरा गरेको हुनु पर्ने।

१) न्याय मन्त्रीद्वारा सूचित गराइएको जापानी भाषा अध्ययन केन्द्रमा ६ महिना भन्दा बढि जापानी भाषाको शिक्षा प्राप्त व्यक्ति।

२) पब्लिक इन्ट्रेस्ट इन्कर्पोरेटेड फन्डेसन जापान अन्तराष्ट्रिय शिक्षा सहयोग संगठन लगायत जापान फाउन्डेसन द्वारा संचालित जापानी भाषा योग्यता परिक्षा N1अथवा N2 उतिर्ण भएको व्यक्ति।

३) जापानको प्राथमिक विद्यालय,माध्यामिक विद्यालय वा उच्च माध्यामिक विद्यालयको हकमा १ बर्ष भन्दा बढि अध्ययन गरको व्यक्ति। (किन्डरगार्डेन बाहेक)

४) प्दकमचमदकमदज ।कउपदपेजतंजपअम प्देजपजनजपवद श्रंचंद"जनकमदज"मतअपबमे व्तहंदप्रंजपवद द्वारा संचालन गरिने निहोन रिउगाकु सिकेन ख्जापानी भाषामा (रिडिङ, लिस्सिनिङ तथा लिस्सिनिङ रिडिङको कुल), प्राप्ताङ्क२०० भन्दा बढी प्राप्त गरेको व्यक्ति ।

५) इन्कर्पोरेटेड फन्डेसन जापान खान्जी योग्यता परिक्षा केन्द्रद्वारा संचालन गरिने BJT बिजिनेस जापानी भाषा योग्यता टेस्टमा ४०० भन्दा बढि संख्या प्राप्त गरेको व्यक्ति

### खर्च बेहोर्न सक्ने क्षमता

जापानमा अध्ययनको सिलसिलामा आवश्यक पढाइ खर्च वा अध्ययन अवधि भर दैनिक जीवन गुजाराका लागि आवश्यक खर्च बेहोर्ने उपाय आदिका साथै जापान राष्ट्रको बसोबासलाइ निरन्तरता दिन सक्ने जतिको आर्थिक आधार रहेको हुनुपर्ने

### Diploma, Advanced Diplomaको पदवी प्राप्तिका लागि आवश्यक कुराहरु

| | Diploma | Advanced Diploma |
|---|---|---|
| भर्ना समय | अप्रिल (त्यस मध्य अक्टोबरमा भर्ना हुने सिस्टम पनि छ।) | अप्रिल (त्यस मध्य अक्टोबरमा भर्ना हुने सिस्टम पनि छ।) |
| स्टडी टर्म | २ बर्ष भन्दा बढि | ४ बर्ष भन्दा बढि |
| अध्यापन समय | १,७०० घण्टा भन्दा बढि | ३,४०० घण्टा भन्दा बढि |
| समापनको मान्यता | परिक्षा आदि द्वारा प्रगतिको मुल्यांकन गरि करिकुलम समापनको मान्यता दिने | परिक्षा आदि द्वारा प्रगतिको मुल्यांकन गरि करिकुलम समापनको मान्यता दिने |
| करिकुलम निर्माण | — | संगठनात्मक रुपमा शैक्षिक करिकुलमको निर्माण भएको हुनुपर्ने |

### आवेदन फारमका लागि आवश्यक कागजपत्रहरु

प्रत्येक विद्यालय अनुसार फरक भएपनि साधरणतया निम्न अनुसार रहेको छ। विस्तृत जानकारीको लागि भर्ना हुन चाहने विद्यालयमा प्रत्यक्ष सम्पर्क राख्नुहोला।

१) भर्ना आवेदन पत्र (विद्यालयद्वारा तोकिएको)
२) उच्च माध्यामिक विद्यालयको उतिर्ण प्रमाण पत्र
३) अन्तिममा पढाइ पुरा गरेको विद्यालयको प्रगति प्रमाणपत्र
४) जापानी शैक्षिक संस्थाको हाजिरी तथा प्रगति प्रमाण पत्र (जापानमा बसाई गर्दै आएको भएमा)
५) जापानी भाषा योग्यताको प्रमाण पत्र (जापान बाहिर बसाई भएमा)
६) स्वास्थ्य प्रमाण पत्र
७) तस्वीर
८) पढाइ शुल्क बेहोर्ने क्षमता प्रमाणित गर्ने कागजपत्रहरु (विद्यार्थी स्वयम् अथवा गयारेन्टि बस्नेको बैंक खाताको प्रमाणपत्र आदि)

**एउटा सल्लाह !** Professional Training Collegeको भर्ना परिक्षा

भर्ना परिक्षा हुदा चाहे जुनसुकै क्षत्र होस् आफ्नो उद्देश्य प्रति स्पस्ट धारणा लिएको छ छैन अथवा भर्ना भैसकेपछिको पढाइ बुझ्न सक्ने सम्मको जापानी भाषाको योग्यता छ छैन तथा अध्ययन योग्यता र पढाइमा लगनशिलता छ छैन भन्ने बुँदामा केन्द्रित भएर जाँच हुने छ।

# विद्यालय भर्नाका विभिन्न किसिम तथा उच्च शिक्षाका बाटोहरु

[विभिन्न देशबाट प्रत्यक्ष भर्ना]
विभिन्न देशको शैक्षिक संस्थाको अध्ययन समापन
(आफ्नो देशबाट भर्नाको लागि आवश्यक सर्त पुरा गरि प्रत्यक्ष भर्ना)

[जापान भित्रको जापानी शैक्षिक संस्थाबाट भर्ना]
जापानी शैक्षिक संस्थाको अध्ययन समापन
(जापानी भाषा सिकिसके पछि भर्ना हुने)

[जापानको विश्व विद्यालय, जुनियर कलेजबाट भर्ना]
विश्व विद्यालय, जुनियर कलेजको अध्ययन समापन
(जापानको विश्व विद्यालयको अध्ययन समापन भएपछि पूनरूगरिने अध्ययनको निरन्तरता)

→ **Professional Training College** →

- जापान भित्रको रोजगारी
- जापान बाहिरको रोजगारी तथा व्यापार सन्चालन
- जापानको विश्वविद्यालय तर्फ ट्रान्सफर

---

अध्ययनरत विद्यार्थी

विदेश → Professional Training College



बिजिनेस सिकेर भाईसंग मिलेर जापानमा नेपाली रेस्टुरेन्ट खोल्ने सपना

Japan College of Foreign Languages

## ANITA SHAH (THAKURI)

म भन्दा अगाडि देखि जापानमा अध्ययन गर्दै आइरहेको भाईबाट जापानको विद्यालयको बारेमा सुनेको हुनाले उत्सुकता थियो। जापानी भाषाको पढाइ त अवश्य नै, त्यस बाहेक जापान र नेपाल बिचको बिजिनेसको बारेमा पनि विस्तृत अध्यय गर्न चाहान्छु। एक्लै पढाइ गर्दा बुझ्नको लागि समय लाग्ने हुन्छ तर शिक्षकहरुले राम्रोसंग सिकाइदिनु हुने हुनाले व्याकरण आदि पनि राम्रोसंग बुझ्न सकें। भविष्यमा यस विद्यालयको विश्व विद्यालय, स्नातकोत्तरको लागि गरिने पढाइसम्म अगाडि बढेर जापानी भाषा योग्यता परिक्षा N1 उतिर्ण हुने लक्ष लिन चाहान्छु। विश्व विद्यालयमा बिजिनेस पढेर भविष्यमा भाईसंग मिलेर जापानमा नेपाली रेस्टुरेन्ट खोल्ने सपना बोकेको छु।

---

अध्ययनरत विद्यार्थी

जापानी भाषा विद्यालय → Professional Training College



विदेशका अतिथीहरुको सत्कार गर्न सक्ने भएँ।

Waseda-Bunri College of Arts and Sciences

## MANGMU SUMAHANG

मेरा धेरै नेपाली साथीहरु जापानमा पढ्दै आएका कारणबाट मलाई पनि जापान आउन मन लागिरहेको थियो। जापानको बारेमा एनिमेसन हेर्ने तथा कमिक पढ्ने आदि अनुभव भएको हुनाले आफ्नो आँखाले जापानको वास्तविक संस्कृति देख्न पाउदा खुशी लाग्यो। जापानमा पढाइ सुरु भइसकेपछि जापानी भाषाको दक्षता झन झन बढिरहेको जस्तो अनुभव भईरहेको छ। जापान आउनु भन्दा अगाडि जापान भाषाको अध्ययन गरेको हुनाले पार्ट टाइम काम छिटो सुरु गर्न सकेको हुँ। पार्ट टाइम काम गरिरहेको रेस्टुरेन्टमा विदेशबाट ग्राहकहरु आउदा दोभाषेको काम गर्न सकेकोमा खुशी लागेको छ।

---

अध्ययनरत विद्यार्थी

जापानी भाषा विद्यालय → Professional Training College



उपयोगी सिस्टमको विकास गरि कम्पनिमा योगदान पु–याउन चाहान्छु।

Japan Electronics College


## SINCHURY YAQUB

जापानको प्रोग्रामिङ प्रविधि र ईतिहास प्रति चाख रहेको हुनाले जापानमा अध्ययन गर्ने निर्णय गरेको हुँ। विद्यालयमा विशेष गरि जापानी भाषा वा एउटा रोजगार वयस्कमा आवश्यक शिष्टचारको बारेमा जानें। विभिन्न देश बाट आएका विद्यार्थी साथीहरु संगै पढ्न पाएको कुरा तथा मिय अञ्चलको प्राकृतिक सुन्दरतासंग घुलमिल हुन पाएको कुरा राम्रो लागेको छ। हाल ग्राहक तथा कर्मचारीका लागि उपयोगी सिस्टमको विकास गर्दै लाने बारेमा सोचिरहेको छु। जापानमा बस्दै जादा जापानी भाषाको ज्ञान त नभै हुदैन। जापान आउनु भन्दा अगाडि मिहेनतका साथ अध्ययन गरेमा राम्रो हुनेछ।

---

अध्ययनरत विद्यार्थी

जापानी भाषा विद्यालय → Professional Training College



प्रोग्रामिङको बारेमा ज्ञान लिदै भाषाको योग्यता प्राप्तिमा पनि सक्रियताका साथ लाग्ने।

Osaka Information and Computer Science College

## KATUWAL JENISH

विश्व विद्यालयमा इन्जिनियरिङ पढिरहेको थिएँ तर मलाई प्रोग्रामिङ प्रविधि सिक्न मन लागेकोले जापानमा पढ्न आएको हुँ।

त्यसको लागि किन जापानमा भन्दा छोटो समयमा पोख्त हुन सकिने वातावरण रहेछ भन्ने लागेर हो। हाल C ल्याङ्वेज वाJAVAआदिको प्रोग्राम तथा सपिङ साइटको निर्माणमा आवश्यक डाटाबेसको अध्ययन गरिरहेको छु। सिकेका सिस्टम तथा वेबसाइटको व्यवहारिक प्रयोगको समय पनि प्रशस्त रहेको र त्यसमा जानेका कुराहरुलाई ठोस आकार दिन सकिने आकर्षण रहेको छ। भविष्यमा जापानमा इन्जिनियरको रुपमा काम गर्ने बारे सोचिरहेको हुनाले जापानी भाषा योग्यता परिक्षा N1तथा TOEIC आदिको योग्यता प्राप्तिमा पनि च्यालेन्ज गर्ने बारे सोचिरहेको छु।

---

अध्ययनरत विद्यार्थी

जापानी भाषा विद्यालय → Professional Training College



अप्ठ्यारो समयमा पनि आत्म विश्वासका साथ अगाडि बढि ठुलो हुदै जानुहोला।

The Jikei Group of Colleges
Nagoya Communication Arts

## SHRESTHA SURESH

कम्प्युटर प्रविधिको ज्ञान हासिल गरि त्यस ज्ञानको नेपालमा उपयोग गर्ने बारे सोचेर जापानमा अध्ययन गर्ने निर्णय गरेको हुँ।जापानमा ग्राफिक डिजाइनरको रुपमा अनुभव बटुलि भविष्यमा क्रियटिभ डिरेक्टरको रुपमा काम गर्ने लक्ष लिएको छु। जापानमा सर्बिसको उच्च गुणस्तरता तथा हरबखत स–साना कुरामा पनिध्यानपु–याउने सत्कारले मलाई प्रभावित पारेको छ। कृपया तपाईहरु पनि जापानको सेवा सत्कारको बारेमा सिक्नुहोला। विदेश पढाइको अनुभव अमुल्य हुने हुनाले अप्ठ्यारो समयमा पनि आत्म विश्वासका साथ अगाडि बढेमा सोचेको भन्दा ठुलो प्रतिफल प्राप्त गर्न सकिन्छ भन्ने मलाई लाग्छ।

---

अध्ययनरत विद्यार्थी

जापानी भाषा विद्यालय → Professional Training College



वरिपरिका मान्छेहरुको सहायतामा थुप्रै कुराहरु सिकिरहेको छु।

Tohoku Foreign Language & Tourism College

## PUN NAKUL

जापानको एनिमेसन वा मानिसहरु, टेक्नोलोजि प्रति चाख भएकोले जापानको संस्कृतिलाई वास्तवमनै आफ्नै आखाले हेरुँ भनि सोचेर जापानमा अध्ययन गर्ने निर्णय गरेको हुँ। विद्यालयमा जापानी भाषा त अवश्य, त्यसबाहेक अंङ्ग्रेजी भाषा अनि कम्प्युटरको स्किल आदिको ज्ञान आर्जन गर्न सकें। हाल जापानको होटेलमा पार्ट टाइमको काम गरिरहेको छु। प्राक्टिकलको अनुभव गर्दा एउटा रोजगार वयस्कलाई आवश्यक थुप्रै कुराहरु सिक्न सकें। शिक्षकहरु तथा साथीहरु अनि वरिपरिका मान्छेहरुको सौहार्दता तथा सहयोग पाउदा ठुलो ढाडस मिलेको छ। आउने दिनहरुमा जापानमा पढाइ गर्न चाहानेहरुले जापानी भाषाको अग्रिम अध्ययन गरि स्पस्ट लक्ष लिएर जापान आउदा राम्रो हुन्छ जस्तो लाग्छ।

---

अध्ययनरत विद्यार्थी

जापानी भाषा विद्यालय → Professional Training College



वाणिज्यको ज्ञान हासिल गरि विभिन्न राष्ट्रसंग अन्तर सम्बन्ध राख्न चाहान्छु।

Ehle Institute

## NARAYAN KUMAR BANSHI

नेपालको टेलिभिजनमा जापानको बारेमा एउटा प्रोग्राम हेरे पछि जापानको संस्कृति प्रति चाख लिन थालें। विद्यालयमा वाणिज्य सम्बन्धि ज्ञान हासिल गरिरहेको छु। भविष्यमा विभिन्न राष्ट्रसंग मिलेर व्यापार गर्ने बारे सोचिरहेको हुनाले त्यसको सम्बन्धि सुरुदेखिनै ज्ञान हासिल गर्न चाहान्छु। त्यस बाहेक क्लासको पढाइ बाट जानेका बिजिनेस सम्बन्धिका शब्द वा शिष्टता पार्टटाइमको काम गर्दा उपयोगी हुन गएको छ। एक्लो बसोबासको क्रममा पहिले भन्दा झन जापानी संस्कृतिको अनुभव गर्न सकिरहेको छु।प्रवासी अध्ययनको अनुभवले जीवन जिउने तरिकामा परिवर्तन आउछ जस्तो लाग्छ। उद्देश्य तथा लक्षलाई स्पस्ट गरेर कृपया अवश्य च्यालेन्ज गरि हेर्नुहोला।

---

ग्राजुयट विद्यार्थीहरु

विदेश → Professional Training College → विदेशको रोजगारी



जापानी भाषाको प्राथमिक स्तरदेखि अध्ययन गरि आफ्नो धोको रहेको होटेलम्यान बनें।

Japan College of Foreign Languages ग्राजुयट

## JAYAN SHRESTHA


Sofitel Shanghai Hyland Hotel

नेपालमा पर्यटन व्यवसाय एउटा महत्वपूर्ण उद्योगको रुपमा रहेको छ। विदेशी पर्यटक मध्य ६०% जापानी रहेको हुनाले जापान तथा होटेल बिजिनेसको बारेमा पनि चाख थियो।जापानमा आएपछि पहिलोपटक जापानी भाषा पढेको हुँ। सुरु देखि बिस्तार बिस्तार स्टेप अप गर्न सकेकोमा खुशी लागेको छ। जापानी भाषा विषयको पढाइ समापन भैसकेपछि एउटै विद्यालयमा अन्तरराष्ट्रिय होटेल विषय तर्फ पढाई अघि बढाउन सकेको कुरा पनि ठुलो फाइदाको कुरा थियो। त्यसका साथै पेशागत ज्ञान हासिल गरि पहिलेदेखिको धोको रहेको होटेलम्यान बनि स्विटजरल्याण्डको होटेल स्कुलमा ट्रेनिङ सिध्याएर हाल साङ्घाइको होटेलमा डिपार्टमेन्ट म्यानेजरको रुपमा काम गरिरहेको छु।

---

ग्राजुयट विद्यार्थीहरु

विदेश → Professional Training College → जापानको रोजगारी



सिकेको कुरालाइ निश्चित रुपमा ग्रहण गरि एक पछि अर्को स–साना मिहेनत गर्दै आएको हुँ।

Yomiuri College of Car Mechanic ग्राजुयट

## ASHOK PANDEY

Tokyo Nissan Auto Sales Co., Ltd.

छोटो समयको जापानभ्रमणको सिलसिलामा मैले जापानमा मातृभूमी भन्दा धेरै फरक देखेर छक्क परें। Professional Training Collegeमा मेकानिकको रुपमा आधारभूत ज्ञान सम्बन्धि क्लासरुम लेक्चर र प्राक्टिकलद्वारा राम्रोसंग सिकि सिकेको कुरालाई निश्चित रुपमा ग्रहण गर्न सकेको अनुभव भइरहेको छ। हालको नोकरी विशेष गरि गाडिको निरिक्षण तथा साधारण मेकानिक सम्बन्धिको निरिक्षणको बारेमा हो। आउने दिनहरुमा कम्पनि भित्र हुने योग्यता परिक्षामा भाग लिइ कामको स्तर बढाउन तर्फ लागौं भन्ने सोचिरहेको छु। मिहेनत गरेमा अवश्य पनि लक्ष प्राप्ति गर्न सकिन्छ भनि मैले मिहेनत गरेर आएँ। घुमाउरो नभै सिधै त्यस लक्ष सम्म पुग्नको लागि अलि अलि गरेर दृढताका साथ एक पछि अर्को अनुभव बढाउदै जाने कुरा महत्वपुर्ण हुन आउछ जस्तो मलाई लाग्छ।

---

ग्राजुयट विद्यार्थीहरु

विदेश → Professional Training College → जापानको रोजगारी



जापानमा बसोबास गर्दै आउदा शिष्टतालाई विशेष महत्व दिन थालें।

Tohoku Computer College ग्राजुयट

## BHATTARI MANI PRASAD

The Shin Nippon Trading Co., Ltd.

असल शिष्टताको देश भनिने जापानमा हाइ लेवलको बिजिनेस स्किल सिक्नको लागि आएको हुँ। विद्यालयमा अन्तरराष्ट्रिय बिजिनेसमा हुने मार्केटिङ तथा वाणिज्यको व्यवहारिक कामकार्यको बारेमा अध्ययन गरिरहेको छु। प्राक्टिकल सम्बन्धि ज्ञान लिन सकिने हुनाले तुरुन्तै काममा उपयोग आउन सकिने जस्तो छ। कम्पनिमा जागिर खाए पछि नेपाल र जापान अनि चीन संगको निर्यात सम्बन्धि कामकाजमा लाग्ने योजना रहेको र त्यस कामकाजको माध्यामद्वारा मातृभूमीलाई योगदान दिन चाहान्छु। जापानको बसाइ बाट सभ्य तथा प्रतिज्ञा पालना गर्ने र शिष्टाचारी बन्न सक्ने भए। तपाईहरुपनि जापानी भाषाको अध्ययन गरि कृपया अवश्य जापानमा अध्ययन गर्नुहोला भनि सल्लाह दिन्छु।

# जापान विदेशी विद्यार्थीहरुको स्वागत गर्दछ।

जापानमा Professional Training Collegeका अतिरिक्त सरकार तथा शैक्षिक संस्था,निजि स्तरका कम्पनिहरु आदि देश व्यापीरुपमा विदेशी विद्यार्थी महानुभावहरुको सक्रिय रुपमा निमन्त्रणा हुदै आइरहेको छ। ढुक्कका साथ जीवन यापन गर्न सकिने राम्रो सुरक्षा व्यवस्था,विश्व प्रशिद्ध परम्परागत संस्कृति,अत्याधुनिक नगर देखि सुन्दर प्राकृतिक वातावरणले भरिपुर्ण उच्च सन्तुष्टि दरको विद्यार्थी जीवनको सपना साकार हुन सक्ने छ।

## जापानमा ज्ञान हासिल गर्नुका फाइदाहरु

### १ विश्व भरमै उच्चतम स्तरको शान्ति सुरक्षा

जापानमा विश्व भरमै उच्च स्तरको शान्ति सुरक्षा पाइने हुनाले ढुक्कका साथ विद्यार्थी जीवन बिताउन सकिन्छ। जापानीहरुको स्नेही तथा दयालु स्वभावलाई अनुभव गर्न सकिने अवसर पनि प्राप्त होला।



### २ छात्रवास तथा एपार्टमेन्टको उपलब्धता

धेरैजसो Professional Training Collegeमा विदेशी विद्यार्थीको वासस्थानको रुपमा छात्रावास तथा एपार्टमेन्टको उपलब्ध गराउने अथवा विद्यालयमा नै छात्रावासको निर्माण हुने गरिएको छ। सुलभ तथा विद्यालय आवत जावतमा सजिलो छात्रावास तपाईंलाई अवश्य पनि मिल्ने छ।



### ३ जापानको परम्परा तथा संस्कृतिमा घुलमिल हुन सकिने

अत्याधुनिक नगर तथा प्राकृतिक वातावरण,विश्व भरमै प्रसिद्ध एनिमेशन तथा फेसनको कल्चर आदि हरेक दिन नया नया कुराहरुको अनुभव गर्न सकिन्छ।



### ४ उच्च सन्तुष्टि दरको प्रवासी अध्ययनको साकार

वास्तवमा जापानमा अध्ययनको अनुभव भएका विदेशी विद्यार्थी मध्य धेरैजसोले प्रश्नावलीद्वारा जापान बसाईको अध्ययन राम्रो भयो भनि उच्च दरको सन्तुष्टि व्यक्त गरेका छन् । आतिथ्य भावनाले ओतप्रोत जापानी सेवा वा जापानी व्यवहार तथा पार्ट टाइम काम गर्दै ढुक्कका साथ पढाइ पनि गर्न सकिने वातावरण आदि अन्य देशमा नपाइने सन्तुष्टि पुर्ण अध्ययनको साकार हुने छ।

अध्ययन अगाडी जापान प्रतिको धारणा

| | क्षत्र विभाजन | राम्रो भयो | नराम्रो भयो | राम्रो पनि नराम्रो पनि भएन | थाहा छैन | जम्मा |
|---|---|---|---|---|---|---|
| विदेशी विद्यार्थीको रुपमा जापान प्रतिको साधरण सोचाइ | जनसंख्या (जना) | २,७५६ | ५९५ | २,५८५ | १०० | ६,०३६ |
| | औसत (%) | ४५.६ | ९.९ | ४२.८ | १.७ | १००.० |

| | क्षत्र विभाजन | राम्रो भयो | नराम्रो भयो | राम्रो पनि नराम्रो पनि भएन | थाहा छैन | जम्मा |
|---|---|---|---|---|---|---|
| विदेशी विद्यार्थीको रुपमा जापान प्रतिको साधरण सोचाइ | जनसंख्या (जना) | ५,४८० | ६७ | ४६७ | २२ | ६,०३६ |
| | औसत (%) | ९०. ८ | १.१ | ७.७ | ०.४ | १००.० |

< सन्दर्भ : JASSO सन् २०१५ को अनुसन्धान >

### ५ व्यावसायिक प्रशिक्षण विद्यालयको शिक्षाले गर्दा फैलिने भविष्यका सम्भावनाहरू

जापानमा व्यावसायिक प्रशिक्षण विद्यालय भनेको विज्ञता अथवा प्राविधिक निपुर्णता प्राप्त गरेका महत्त्वपूर्ण प्रतिभाको उत्पादन गर्ने विद्यालयको रुपमा लिई, यस्ता विद्यालयहरुबाट ग्राजुएट (पास) गरेका विद्यार्थीहरुले विभिन्न क्षेत्रहरुमा आवद्ध भई प्रभावकारी रुपमा काम गरिरहेका छन्द्य जापानको आकर्षणलाई विश्वभर फैल्याउने कूल जापान योजनालाई प्रवर्द्धन गरी, जापानको सामग्रीमा विदेशको रुचि वृद्धि भइरहेको कुरालाई मध्यनजर राख्दै, एनिमेशन, फेशन, डिजाइन, खाना आदिका "कूल जापान" सँग सम्बन्धित क्षेत्रहरुमा काम गरौं भन्ने विदेशी विद्यार्थीहरुको आवासीय योग्यताको मापदण्डलाई स्पष्ट गरिएको छद्य नर्सिङ्ग हेरचाह क्षेत्रमा जापानको व्यावसायिक प्रशिक्षण विद्यालयबाट दक्षता हासिल गरेका विदेशी विद्यार्थीहरुलाई जापानभित्रै काम गर्ने भिसा (वर्किङ्ग भिसा) लिन पाउने आदि, सरकारको तर्फबाट पनि विदेशी विद्यार्थीहरु प्रयोग गर्ने मनोवृत्ति देखाइएको छद्य व्यावसायिक प्रशिक्षण विद्यालयबाट ग्राजुएट (पास) गरेका विद्यार्थीहरुको रोजगारको परिमाणलाई अर्थतन्त्रको उतारचढाव भए तापनि उच्च स्तरमै कायम राखिराख्ने पनि बिशेषता होद्य





## पढाइ शुल्क (पहिलो बर्षमा बुझाउन पर्ने शुल्क रकम)

पढाइ शुल्कमा पहिलो बर्षमा लाग्ने भर्ना शुल्क, पढाइ शुल्क बाहेक व्यवहारिक पठनपाठन शुल्क तथा पाठ्यपुस्तक शुल्क रकम आदिको आवश्यकता हुने छ। शुल्क रकम भने शैक्षिक क्षत्र वा विद्यालय अनुसार केही फरक रहेको छ। औसतको रुपमा सोच्नुहोला।

| | |
|---|---|
| अध्यापन शुल्क आदि (यन) | ४७१,००० ～ १,१०६,००० |
| भर्ना शुल्क आदि (यन) | ९६,००० ～ ४०३,००० |
| जम्मा (यन) | ८१४,००० ～ १,७२४,००० |
| जम्मा (डलर) | ८,१४० ～ १७,२४० |



*द्रष्टव्यारू १ अमेरिकन डलर = १०० यनको गणना *द्रष्टव्य: दिवा कक्षाको औसत रकम <डाटा उपलब्धरू (पब्लिक कर्पोरेसन) TSK> *द्रष्टव्य: माथि उल्लेखित शुल्कको शैक्षिक क्षत्र अनुसार मूल्यमा केहि फरक रहेको छ।

## पार्ट टाइम काम

JASSO को अनुसन्धान अनुसार लगभग ८३% व्यावसायिक प्रशिक्षण विद्यालयका विदेशी विद्यार्थीहरुले पार्ट टाइम काम गरिरहेका छन्द्य। कामको किसिम अनुसार हेर्ने हो भने भोजनालय सम्बन्धि व्यवसायमा सबभन्दा बढि रहेको र त्यस पछि व्यापार व्यवसाय, टिचिङ तथा रिसर्च एसिस्ट्यान्ट,होटल रिसेप्सनिस्ट तथा हल सम्बन्धि आदि रहेको छ। प्रतिघन्टाको ज्याला कामको किसिम तथा ठाउ अनुसार फरक फरक रहे पनि भोजनालय सम्बन्धि व्यवसायमा ८००यन देखि १२००यन सम्म रहने हुनाले कानून अनुसार तोकिएको हप्तामा उच्चतम २८ घन्टा काम गर्दा महिनामा ८०हजार देखि १लाख २०हजार हुन आउछ। पार्ट टाइम काम गर्नको लागि नजिकको इमिग्रेसन सेन्टरमा गइ योग्यता बाहेकका कामकाज गर्न सकिने अनुमति लिएमा निम्न अनुसारका सर्त अन्तरगत काम गर्न सकिने छ।

१) अध्ययनमा असर गर्ने हुन नहुने
२) जापानमा अध्ययन अवधिमा आवश्यक पढाइ शुल्क तथा अन्य शुल्कको परिपूर्तिको उद्देश्य भएको हुनुपर्ने, जगेर्ना गर्न वा स्वदेशमा पठाउनको लागि होइन
३) क्लब वा रक्सी भट्टिको काम हुनु हुदैन
४) १हप्तामा बढिमा२८ घन्टा सम्म हुनु पर्ने
५) शैक्षिक संस्थामा रहने अवधि भित्र मात्र गर्न पाइने

र यसका साथै सन् २०१२साल जुलाइ महिना ९ तारिख बाट ल्यान्डिङ पर्मिट लिने समयमा रेजिडेन्ट कार्ड वितरण गर्ने विमान स्थल (यो मिति सम्ममा नारिता विमान स्थल,हानेदा विमान स्थल,च्युबु विमान स्थलका साथै कान्साइ विमान स्थलमा मात्र) मा भिसाले तोकेको भन्दा बाहेकको काम गर्नका लागि आवेदन दिन सकिन्छ।

*द्रष्टव्य: अनुमति बिना काम गरेमा वा तोकिए भन्दा बढि समय तथा कामकाजको विषयबस्तु नाघेर काम गरेको खण्डमा सजाय भोग्नु पर्ने वा जबर्जस्ती स्वदेश फिर्ता पठाइने छ।

पार्ट टाइम कामको परिचय आफनो विद्यालय तथा राष्ट्रभरका सार्वजनिक रोजगार उपलब्ध केन्द्र हलो वर्क आदिद्वारा भइरहेको छ।

विदेशी विद्यार्थीद्वारा गरिने प्रमुख किसिमका कामहरु

| | कामका किसिम | औसत दर |
|---|---|---|
| १ | भोजनालय सम्बन्धिको काम | ४५.७% |
| २ | व्यापार व्यवसाय तथा विक्रि वितरण (कन्भिनियन्ट स्टोर आदि) | २६.३% |
| ३ | टिचिङ तथा रिसर्च एसिस्ट्यान्ट | ६.९% |
| ४ | अनुवादन तथा दोभाषे | ६.८% |
| ५ | भाषा सिकाउने | ६.५% |
| ६ | सरसफाइ | ५.१% |
| ७ | होटल रिसेप्सनिस्ट तथा हल सम्बन्धि | ५.०% |
| ८ | होम टिचिङ | ४.६% |
| ९ | साधारण प्रशासनिक कामकाज | ४.४% |
| १० | कारखानामा हुने ढाँचा निर्माणको काम | ४.३% |

< सन्दर्भ : JASSO सन् २०१५ को अनुसन्धान >

## प्रमुख आय र व्ययको उदाहरण

मुद्रा : येन / 円

| | | अभिभावक आमा बुवा, दाजु-भाई / दिदि-बहिनी, नातेदार मार्फत पठाइने | पार्ट टाइम काम | कुल आम्दानी | शिक्षण शुल्क (स्कुल फीस) | खाना खर्च | बस्ने खर्च | कुल खर्च |
|---|---|---|---|---|---|---|---|---|
| व्यावसायिक प्रशिक्षण विद्यालय | खान्जो क्षेत्र | ६६,२३४ | ८२,०५० | १६६,०८८ | ६६,१२६ | ३१,८१८ | ४२,६०८ | १६६,०६३ |
| | गैर खान्जी क्षेत्र | ६२,७५१ | ६३,००७ | १५१,६३२ | १६,२३५ | २४,२६७ | ३१,७४६ | १४५,३४० |

< JASSO अनुसन्धान >

*कुल रकममा माथि उल्लेखित बुँदाहरु बाहेकको रकम पनि समावेश छद्य

Professional Training College गाइड बुक 平成29年度 文部科学省委託事業 専修学校グローバル化対応推進支援事業

सन् २०१८ साल जनवरी महिना ३० तारिखमा प्रकाशित


[ सम्पादन तथा प्रकाशन ] 一般財団法人 職業教育・キャリア教育財団
Association for Technical and Career Education
सिगाकु काइकान बेक्कान ११तला४-२-२५कुदान किता चियोदा कु टोक्यो हुलाकी कोड १०२-००७३
TEL:+81-3-3230-4814 http://www.sgec.or.jp/

[ निरिक्षण ] 「専修学校グローバル化対応推進支援事業」情報提供事業分科会

[ सम्पादन सहयोग ] 株式会社アクセスリード

[ आधिकारिक वेबसाइट ] http://www.sgec.or.jp/ryuugakuguide/index.html

# जापान प्रवेशको कार्यविधि










## जापान बसाइ योग्यता मान्यता प्रमाण पत्र जारीको आवेदन

[आवेदन कर्ता]
- ■ जापानमा अध्ययन गर्न चाहाने व्यक्ति स्वयम्
- ■ प्रतिनिधि(अध्यापन गराउने शैक्षिक संस्थाका कर्मचारी आदि)*

*द्रष्टव्यरू प्रायजसो प्रतिनिधिद्वारा गरिदै आएको छ ।

[आवश्यक कागज पत्रहर्रु]
- ■ जापान बसाइ योग्यता प्रमाण पत्र जारीको आवेदन पत्र
- ■ तस्वीर
- ■ हुलाकका लागि खाम
- ■ त्यस बाहेक अध्यापन गराउने संस्था अनुसार बुझाउन पर्ने कागज पत्र फरक हुने हुनाले सम्बन्धित संस्थामा सल्लाह गर्नुहोला ।

## भिसा आवेदन

"जापान बसाइ योग्यता मान्यता प्रमाण पत्र"को वितरण भएपछि आफ्नो देशमा रहेको जापानी राजदुतावास आदिमा आवेदन गर्नुपर्छ ।

[आवश्यक कागज पत्रहरु]
- ■ पासपोर्ट
- ■ भिसाको आवेदन पत्र
- ■ तस्वीर
- ■ जापान बसाइ योग्यता मान्यता प्रमाण पत्र

*द्रष्टव्यरू माथि उल्लेखित बाहेक अन्य कागज पत्रको माग हुन पनि सक्ने छ।











जारी कर्ता: Association for Technical and Career Education